प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

प.सं.:-२०७७/७८
च.न :- १८३

मिति:-२०७७/०६/२१

विषय: राजश्व असुली सम्बन्धमा ।

श्री भुमिसुधार तथा मालपोत कार्यालय,
जनकपुरधाम, धनुषा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. १६७५, मिति २०७७/०६/१३ गतेको पत्रानुसार प्रदेश आर्थिक ऐन, २०७७ को अनुसुचि-१ ग. विविधको विभिन्न बुदाँहरुमा भएको व्यवस्था अनुसार रजिष्ट्रेशन शुल्क र मुख्य मन्त्री स्वच्छता अभियान अन्तर्गत असुल गरिने शुल्क सम्बन्धमा तपशिल अनुसार गर्न गराउन हुन यस मन्त्रालयको मिति २०७७/०६/२१ गते (माननीय मन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ ।

तपशिलः

१) बुदाँ नं. १ मा भएको व्यवस्था अनुसार प्रदेश नम्बर दुईभित्र पारित हुने लिखतमा सि.नं. १, २ र ३ मा उल्लेख गरिएको बाहेको रजिष्ट्रेशन लिखतमा यो व्यवस्था लागु नहुने।

२) बुदाँ नं. ३ मा भएको व्यवस्था अनुसार जलविद्युत लगायत अन्य उद्योगको नाममा खरिद गरिने जग्गाको लिखत पारित गर्दा यस प्रदेशमा उद्योग स्थापना गरेको जिल्लामा तथा उद्योगको उत्पादन वितरण गर्न बनाइने भौतिक निर्माणमा आवश्यक पर्ने यस प्रदेशका जुनसुकै जिल्लामा उद्योगको नाममा प्राप्त गरिने जग्गामा पनि छुट सुविधा हुने ।

३) बुदाँ नं. २० र २१ मा मा भएको व्यवस्था अनुसार साथै यस मन्त्रालयको मिति २०७७/०६/०९ गतेको निर्णय बमोजिम नेपाल सरकारको कुनै निकायको नाममा र पूर्ण स्वामित्व भएको संघ/संस्थानको नाममा जग्गा प्राप्ति गर्दा प्रदेश आर्थिक ऐन, २०७७ को अनुसुचि १ मा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएकाको लिखतमा अनुसुचि-१ क. को बुदाँ नं. १४ बमोजिम शुल्क असुल उपर गर्ने।

बोधार्थः
श्री भुमिसुधार तथा मालपोत कार्यालय सबै
प्रदेश नं. २ ।

२०७७/०६/२१

(मिथिलेश कुमार महतो)
शाखा अधिकृत

श्री सुचना प्रविधि शाखा, आर्थिक मामिला तथा योजना मन्त्रालयः website मा upload गरी सम्बन्धित कार्यालयहरुको email मा पठाइ दिन हुन ।

o/c